नेपाल सरकार
अर्थ मन्त्रालय
महालेखा नियन्त्रक कार्यालय
अनामनगर, काठमाडौं

# प्रेस विज्ञप्ती

मिति २०७८ वैशाख २७ गते महालेखा नियन्त्रक कार्यालयमा आयोजित कार्यक्रममा महालेखा नियन्त्रक कार्यालय र नागरिक लगानी कोषको सहकार्यमा विद्युतीय सरकारी लेखा प्रणाली (CGAS) मार्फत विद्युतीय कोष हस्तान्तरण (Electronic Fund Transfer, EFT) गरी नेपाल सरकार तथा सातै प्रदेश सरकारका निकायहरुमा कार्यरत कर्मचारीहरुको बचत वृद्दि अवकाश कोष, (ना.ल.कोष) र राष्ट्रसेवक कर्मचारी सावधिक जीवन बीमा कोष कारोबारको कट्टी दाखिला भएको रकम सम्बन्धित व्यक्तिगत खातामा विद्युतीय माध्यमबाट वास्तविक समय (Real Time) मा भुक्तानी तथा लेखाकंन गर्नसक्ने प्रणालीको मिति २०७८ वैशाख २७ गते सोमबारका दिन महालेखा नियन्त्रक श्री मधुकुमार मरासिनी तथा नागरिक लगानी कोषका कार्यकारी निर्देशक श्री रमण नेपालले संयुक्त रुपमा शुभारम्भ गर्नुभयो ।

शुभारम्भ कार्यक्रममा बोल्दै महालेखा नियन्त्रक मधुकुमार मरासिनीले यो प्रणालीले सरकारको Digital Governance अभियान कार्यान्वयनमा ठूलो सहयोग पुग्ने बताउनु भयो । उहाँले यस किसिमको प्रणालीको विकासले पारदर्शिता कायम गर्न तथा लागत प्रभावकारीतामा समेत सघाउ पुग्ने बताउनुभयो । नागरिक लगानी कोष कट्टी दाखिलामा देखिएका सम्बन्धित व्यक्तिगत खातामा रकम जम्मा नहुने, हराउने, दोहोरो प्रविष्टि हुने, घटी बढी दाखिला हुने तथा एकै व्यक्तिका धेरै वटा खाता रहने लगायतका समस्याहरु समाधान भई सो रकम फिर्ता वा अन्य किसिमका कारोबारमा समेत सहजता आउने विश्वास व्यक्त गर्नु भयो ।

कोषका कार्यकारी निर्देशक श्री रमण नेपालले कोष कट्टी रकम कारोबारको वास्तविक समय (Real Time) मा नै सम्बन्धित व्यक्तिगतको खातामा प्रविष्ट हुने भएकोले सम्बन्धित व्यक्तिले छिटो, छरितो र प्रभावकारी सेवा प्राप्त गर्ने बताउनुभयो । विधुतीय सरकारी लेखा प्रणालीको कार्यान्वयनबाट नागरिक लगानी कोषको फाँटबारी संकलन कार्यमा सरलिकरण र सहजिकरण हुने बताउनुभयो । उहाँले यो प्रणालीको कार्यान्वयनबाट कोषको समग्र कार्यसम्पादनमा सकरात्मक परिवर्तन आउने कुरा व्यक्त गर्नु भयो ।

यसबाट संघीय तथा प्रदेश सेवा अन्तर्गतका निजामती, प्रहरी र जंगीतर्फ करिब २ लाख ४६ हजार राष्ट्रसेवक कर्मचारीहरु यस प्रणालीबाट लाभाम्वित हुने छन् ।

२०७८।१।२८

ज्ञानेन्द्र पौडेल
सहमहालेखा नियन्त्रक एवम् प्रवक्ता
महालेखा नियन्त्रक कार्यालय

महालेखा नियन्त्रक